हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १०० पृष्ठ : ४ २०७७ कार्तिक २० गते विहीबार (Thursday 05 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरूमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२९२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

• स्थानीय तहमा बेथिती •

# विष्णुपुर गाउँपालिका अध्यक्ष र वडाध्यक्षबीच आरोप प्रत्यारोप

**मणिलाल विश्वकर्मा**

सिरहाको विष्णुपुर गाउँपालिकाका अध्यक्ष र १ नं. का वडाध्यक्षबीच गाउँपालिकाको स्वामित्वमा रहेको पोखरी ठेक्का र शिक्षक कर्मचारी भर्नाको विषयमा आरोप प्रत्यारोप चलेको छ ।

वडाध्यक्ष गोपिन्द्र यादवले कार्यविधि, नियम समेत मिचेर अध्यक्षले मनोमानी गरिरहेको आरोप लगाएको तीन दिनपछि शनिबार गाउँपालिका अध्यक्ष जागेश्वर यादवले आफ्नै कार्यकक्षमा पत्रकार सम्मेलनमार्फत् पोखरी ठेक्का र शिक्षक कर्मचारी भर्नाको विषयमा प्रष्टीकरण दिएका छन् । सर्वोच्च अदालतसम्म मुद्दा लडेर गाउँपालिकाले आफ्नो स्वामित्व कायम गरेकोसहित तीन दर्जन भन्दा बढी पोखरीमध्ये २३ वटा पोखेरी सार्वजनिक सूचना प्रकाशित गरी विधिसम्मत ढंगले ठेक्का लगाइएको दाबी गरे । त्यसबाहेक विष्णुपुर गाउँपालिका-४ को शिवराजी, गुरूदयाल, खरदार, बालेश्वर कुसियैत, जगवाला, कैलु, बभनावाला, रामबाबु यादव, शोभापुर कट्टी र गिद्धरमाडी वाला पोखरी ठेक्का लगाउन बाँकी रहेको गाउँपालिका अध्यक्ष यादवले बताए । 'सार्वजनिक पोखरीमा वर्षौंसम्म हैकम चलाएर उपभोग गर्दै आएका स्थानीय सामन्तहरूसँग लडेर २२ वटा पोखरी गाउँपालिकाको स्वामित्वमा ल्याएँ' पत्रकार सम्मेलनमा उनले भने 'गाउँपालिकाले ठेक्कामा लगाएको पोखरीमा मारेको माछा लुटपाट गर्ने, पोखरीमा विष हालेर माछा मारिदिने गर्न थालेपछि कसैले ठेक्का नै नसकार्ने अवस्था सिर्जना भएकाले संरक्षणकै लागि भएपनि कम मूल्यमा ठेक्का लगाउन बाध्य भयौं ।' गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयका लागि सात जना स्वयम्सेवक शिक्षक प्रकृया पुऱ्याएर भर्ना गरिएको चर्चा गर्दै उनले भने 'त्यसमा मेरो आफन्त, नातागोता कोही भए देखाउनुस् ।' गाउँपालिका क्षेत्रका पाँच वटा वडा कार्यालय, मातहतका विभिन्न शाखाका लागि कार्यालय सहयोगी समेत कार्यविधि अनुसार भर्ना गरिएको उनको दाबी छ । गाउँपालिका अध्यक्ष यादवले कार्यविधि अनुसार विधिसम्मत रूपले पोखरी ठेक्का, शिक्षक कर्मचारी भर्ना गरिएको दावी गरेपनि त्यससँग सम्बन्धित कागजातहरू भने उपलब्ध गराएका छैनन् ।



गा.पा. अध्यक्ष जागेश्वर यादव



वडाध्यक्ष गोपिन्द्र यादव

**नियम मिचेको वडाध्यक्षको आरोप**

विष्णुपुर १ का वडाध्यक्ष गोपिन्द्र यादवले वडा कार्यालय परिसरमा १२ कात्तिकमा पत्रकार सम्मेलनमार्फत् गाउँपालिकाको स्वामित्वमा रहेको पोखरी ठेक्का, शिक्षक र कार्यालय सहयोगी भर्ना गर्दा गाउँपालिकाको कार्यविधि मिचेर आफ्नो आफन्तलाई नियुक्ति दिइएको आरोप लगाएका थिए । विष्णुपुर गाउँपालिका १ नं. वडा क्षेत्रमा रहेका १६ वटा पोखरीहरू गाउँपालिकालाई नोक्सानी हुनेगरी वडा कार्यालयलाई समेत जानकारी नै नदिई गोप्य सूचना निकालेर

बाँकी ४ पेजमा

# बन्दीपुरमा रक्तदान

**लहान ।** रगत अभाव पूर्ति गर्न कर्जन्हा युवा सञ्जालको आयोजनामा सिरहाको बन्दीपुरमा रक्तदान कार्यक्रम गरिएको छ । विभिन्न क्षेत्रका २९ जनाले रक्तदान गरेको आयोजकले जनाएको छ ।

कोरोना महामारीका बेला जतातत‍ै रगतको अभाव भइरहेको बेला संकटका बेला रगतको अभावमा कसैले ज्यान गुमाउन नपरोस् भनेर रक्तदान गरेको सञ्जालका सदस्य जीतेन्द्र यादवले जानकारी दिए ।

ब्लड बैंक लहानको समन्वयमा आयोजित रक्तदान कार्यक्रममा स्थानीय प्रभात महतो, रिपु यादव, केशव कोइराला, कृष्णा महतो, क्षेत्रलाल सिंह लगायत २९ युवाहरूले रक्तदान गरेका हुन् ।

हरेक ६ महिनामा रक्तदान गर्दा शरिरमा कुनै समस्या नहुने गरेको विज्ञहरू बताउँछन् ।




# लहानमा ४० जनालाई सानो पाइलाको राहतप्याकेज वितरण

**लहान ।** सानो पाइला नामक सामाजिक संस्थाले सिरहाको लहानमा बुधबार ४० जनालाई राहत वितरण गरेका छन् ।

संस्थाले बुधबार एक कार्यक्रम गरी ब्लु डाईमण्ड सोसाइटीका ४० जनालाई राहत दिएको हो । राहतमा चामल, दाल, तेल, नुन, सोयाबीन, चना र चिनी वितरण गरिएको थियो । नेपाली कांग्रेसका लहान नगर सभापति तथा जिल्ला उद्योग वाणिज्य संघ सिरहाका पूर्व अध्यक्ष सुनिल महतोको प्रमुख आतिथ्यमा उक्त राहत वितरण गरिएको संस्थाले जनाएको छ । राहत पाउनेहरू हर्षित भएको सोसाइटीका प्रमुख लक्ष्मेश्वर यादवले सुनाए ।




उनका अनुसार कोरोना महामारीमा यस संस्थामा आवद्धहरूले आफ्नो रोजगारीहरू आंशिक र पूर्ण रूपमा गुमाएका छन् । स्थानीय सरकारले राहत दिएनन् । सानो पाइलाले राहतदिएर ठूलो सहयोग गरेको उनको भनाइ छ । सानो पाइलाबाट यसअघि लहान नगरपालिका-२३ का ३० घरपरिवार डोम समुदायलाई राहत वितरण गरिएको थियो । लहान नगरपालिका १४ र २४ मा ४३ दिन सम्म भोजन कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।




**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा

२४ सैं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# जडिबुटी खेती

**बोझो**
वानस्पतिक नाम : एकोरस क्यालामस
वानस्पतिक परिवार : एरेसि
नेपाली नाम : बोझो
अंग्रेजी नाम : Sweet flag

**वानस्पतिक परिचय**

बोझो झारवर्गमा पर्ने सुगन्धित र बहुवर्षिय वनस्पति हो । यसका पात लामा, मसिना, चिल्ला देखिने र वासनादार हुन्छन् । यसको जमीनमुनिको मसिना आँख्ला भएको काण्डलाई राइजोम भनिन्छ । राइजोमलाई पातला भुत्लाले पनि ढाकेको हुन्छ । यही राइजोमबाट बोझोको पात पलाएका हुन्छन् । बोझोको पात ४०-१५० सेन्टिमिटर लामा, १-३ सेन्टिमिटर चौडा, भालाकार र टुप्पा तिखो भएका हुन्छन् । हरिया स्पाडिक्समा फुल्ने यसको फुल अन्य वनस्पति भन्दा फरक हुन्छ । बोझोको लाम्चो, बेरीजस्तो फलमा १-३ वटा बीउ हुन्छन् । बोझो बैशाख-जेठमा फुल्दछ र साउन-भदौंमा फल लाग्दछ ।

**उपयोग**

बोझोको उपयोगमा आउने भाग राइजोम हो । आयुर्वेद र युनानी दुवै औषधीय पद्धतिमा बोझोको उपयोग हुन्छ । आयुर्वेदिक पद्धतिअनुसार बोझोलाई वाथ, दातको दुखाई, कफ दोष, स्वरभेद (स्वर बसेको), आउँ, झाडापखाला, ब्रोन्काइटिस, ज्वरो आदिमा प्रयोग गरिन्छ । यसलाई दिमाग तन्दुरूस्त राख्ने टनिकको रूपमा पनि प्रयोग गरिन्छ । युनानी उपचार पद्धतिमा बोझोलाई दिमाग तन्दुरूस्त राख्ने टनिक, शारीरिक कमजोरी, पेटसम्वन्धी गडबडी, दातको दुखाई, कलेजो तथा छातीको दुखाई, मिर्गौलासम्वन्धि समस्या आदिमा निकै उपयोगी मानिन्छ । खाधान्नलाई किराबाट बचाउनको लागि पनि बोझोको राइजोम प्रयोग गरिन्छ । बोझोको राइजोमको प्रशोधनबाट निकालिएको तेललाई कीरा, लामखुटे, साङला मार्न र चकलेट, अगरबति र अत्तर बनाउनसमेत प्रयोग गरिन्छ । यसको तेललाई हिस्टेरिया, मानसिक रोग र छारेरोगमा पनि प्रयोग गरिन्छ ।

स्थानीय रूपमा बोझोको काण्डलाई पिसेर तोरीको तेलमा मिसाई, लुतो, दादमा प्रयोग गरिन्छ । वचचूर्ण, सरस्वत चूर्ण, अश्वगन्धारिष्ट, योगराज गुग्गुल, सन्जिवनी वटी, चन्द्रप्रभा वटी, उन्मादगजकेशरी रस, महाशंख वटी आदि बोझोबाट बनाइने प्रमुख आयुर्वेदिक औषधी हुन् ।

बोझोको काचो राइजोमबाट १.२ प्रतिशत र सुकेको राइजोमबाट ३-३.५ प्रतिशतसम्म सुगन्धीत तेल निस्कन्छ । एसारोन, एसराइल अल्डिहाइड, ग्लुकोसाइड, ०.२६ प्रतिशत कोलीन, फ्ल्याभोन, एकोरिन र स्टार्च बोझोको तेलमा पाइने प्रमुख रासायनिक तत्व हुन् ।

**पाइने स्थान**

**विश्व** : भारत, जापान, रूमानिया, रसिया, उतर अमेरिका, एशिया र मध्य युरोपेलीसम्म बोझो पाइन्छ ।

**नेपाल** : नेपालको पूर्व, मध्य र पश्चिम क्षेत्रमा ३००-४००० मीटरसम्मको उचाईमा छिपछिपे पानी भएको खोलानाल, नदी किनारा, धाप, दलदलयुक्त जमीनजस्ता सिमसार क्षेत्रमा प्राकृतिक अवस्थामैं बोझो पाइन्छ ।

**बोझोको दिगो संकलन गर्ने उपाय**

बोझोलाई हालसम्म व्यावसायिक रूपमा खेती गरिएको छैन् । तसर्थ, यसको बजार आपूर्ति प्राकृतिक रूपमा पाइने बोझोको संकलनबाटै भइरहेको छ । बोझो तराईदेखि उच्च हिमाली क्षेत्रसम्म पाइने भएपनि सबै ठाउमा बराबरी रूपमा फैलिएर गएको हुदैन । विशेषगरी पोखरी, सिमसार क्षेत्रमा बोझो बढी पाइन्छ । यसको प्रसारण राइजोमबाट हुने भएकाले सबै राइजोमको संकलन गर्नुहुदैन । बोझो पाइने स्थानबाट ८० प्रतिशत राइजोम संकलन गरी फेरी १०० प्रतिशत पुन : उत्थान भएपछि मात्रै अर्कोपल्ट संकलन गर्नुपर्दछ । प्राकृतिक अवस्थाको समुदायमा मात्रै भर नपरी बोझोको खेती विस्तार गर्नुपर्नेदेखिन्छ । यसलाई सामुदायिक वन कार्ययोजनामा समावेश गरी उपभोक्ता समुहमार्फत संरक्षण, व्यवस्थापन र बिक्री वितरणको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**खेती प्रविधी**

**हावापानी र माटो**

उष्णदेखि शीतोष्ण हावापानी भएको, छिपछिपे पानी हुने नदि किनाराका दोमट, हल्का बलौटे, पानी जमिरहने

बाँकी ४ पेजमा

# प्रदेश र स्थानीय तहको स्वायत्तताको प्रश्न

## पालिका बहस

डा. योगेन्द्रराज रिजाल



कर्णाली प्रदेशको संसदीय दलको विवादका सन्दर्भमा प्रदेश संघको प्रशासनिक इकाइ हो पत्रपत्रिकामा प्रकाशित भन्ने प्रधानमन्त्री केपी ओलीको अभिव्यक्तिले संघीयताको औचित्यमै औंला ठडिएका छन् । लोकतन्त्रीकरणको लहरसँगै सेवाप्रवाहको जिम्मेवारी नागरिकका नजिकका सक्षम निकायलाई दिइनुपर्छ भन्ने मान्यताको विकास हुँदा प्रदेश र स्थानीय तहको भूमिकाले विश्वभर महत्व पाएको हो । फलस्वरूप नयाँ संविधानमा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नेछन् भन्ने व्यवस्था भयो । प्रदेश सरकारको सञ्चालन प्रदेशको मन्त्रिपरिषद्बाट हुने संवैधानिक व्यवस्थाविपरीत मुलुकको प्रधानमन्त्रीको त्यस्तो अभिव्यक्तिले प्रदेश र स्थानीय तहको स्वायत्ततामा नै शंका बढ्नु स्वाभाविकै हो ।

सन् १९९२ डिसेम्बरमा भएको भारतको संविधानको ७३ औं र ७४ औं संशोधनले स्थानीय पञ्चायतहरूको वित्तीय स्वायत्तता सुनिश्चित गऱ्यो तर अहिले पनि भारतका ग्राम पञ्चायतहरू जिल्ला पञ्चायतमा र जिल्ला पञ्चायतहरू प्रदेश र सङ्घीय सरकारमा निर्भर छन् । स्थानीय स्वायत्तताको राम्रो विकास भएको भनिने कर्नाटक राज्यमा अहिले पनि ग्राम पञ्चायतले एक हजार रूपैँयाभन्दा बढी खर्च गर्दा जिल्ला पञ्चायतको अनुमति लिनुपर्छ ।

क्यानाडामा नगरपालिकाहरूलाई शासनको एक स्वायत्त तहको रूपमा नभई केन्द्र तथा प्रादेशिक सरकारले प्रत्यायोजन गरेका जिम्मेवारीहरू वहन गर्ने निकायको रूपमा स्थापित गरिएको छ । क्यानडाको संविधानको धारा ९२ को उपधारा ८ र ९ ले नगरपालिकाहरूलाई प्रदेश सरकारको मातहतमा रहने र नगरपालिकाको राजस्वका क्षेत्र तोक्ने अधिकारसमेत प्रदेशलाई दिइनुले नगरपालिकाहरू प्रदेशको खटनपटनमा चलेका छन् । तर, स्वायत्तताको तह भने प्रदेशअनुसार फरक फरक छ । अल्वार्टा र ओन्टारियो प्रदेशले विगतमा नगरपालिकाहरूलाई प्रत्यायोजन गरिएका अधिकारहरूलाई 'म्युनिसिपल गभमेन्ट एक्ट'मार्फत स्थायीरूपमा निक्षेपण गरेका छन् । उता टोरन्टो महानगरपालिकाले सङ्घीय संविधानमा महानगरका बारेमा व्यवस्था हुनु पऱ्यो भनेर वर्षौंदेखि दबाब दिइरहेको छ ।

संयुक्त राज्य अमेरिकामा पनि राज्यअनुसार नगरपालिकाका स्वरूपहरू, राजनीतिक संस्कार, काम, कर्तव्य र अधिकार फरक फरक छन् । तर नगरपालिकाप्रति नागरिक अपेक्षा बढ्दै जाँदा वित्तीय दबाब बढ्दै गएको र अन्तरसरकारी सहयोगका क्षेत्रहरूमा नगरपालिकाहरूको भूमिका के हुने जस्ता जटिलता बढ्दै जाँदा नगरपालिकाका बारेमा संविधानलेनै प्रष्ट पार्नु पऱ्यो भन्ने आवाज सबै क्षेत्रबाट उठिरहेको छ । अस्ट्रेलियामा स्थानीय सरकारका बारेमा संविधानमा उल्लेख गर्ने विषयलाई लिएर दुईवटा जनमत संग्रहहरू भए तर बहस अझै टुङ्गिएको छैन । स्विजरल्यान्डले संविधानमा स्थानीय सरकारको बारेमा व्यवस्था नगरे पनि सन् १९९९ सम्म आइपुग्दा स्थानीय सरकारलाई राज्यको महत्वपूर्ण सहयात्री स्वीकारी सकेको थियो । अहिले पनि संवैधानिक व्यवस्थाद्वारा स्थानीय सरकारलाई सङ्घीय शासन प्रणालीको स्थायी अङ्ग बनाएमा तीन तहका सरकारबीचको सम्बन्ध झन् मजवुत हुनेथियो भन्ने बहस जारी नै छ । स्पेनको संविधानले सेन्ट्रल स्टेट, अटोनोमस कम्युनिटिज, प्रोभिन्स र म्युनिसिपालिटी गरी चार तहको शासकीय स्वरूपको व्यवस्था गर्दै तिनलाई कार्यकारिणी अधिकारसमेत प्रदान गरेको छ । सङ्घीय तथा प्रान्तीय कानुनहरूले प्रान्त र नगरपालिकाहरूको भूमिका प्रष्ट पार्दै तिनीहरूको स्वायत्तताका सम्बन्धमा स्पष्ट पार्न अटोनोमस कम्युनिटिजहरूलाई कार्यकारी अधिकार प्रदान गरेको हो । जर्मनीको संविधानले नगरपालिकाहरूले परम्परागतरूपमा गर्दै आएका कामहरूलाई स्वीकारेको छ र त्यहाँको आधारभुत कानुनले नगरपालिकाहरूलाई स्थानीय सरोकारको व्यवस्थापन गर्ने स्वायत्तता प्रदान गरेको छ ।

दक्षिण अफ्रिकामा पनि गोरा जातिको बाहुल्य भएका नगरपालिकाहरूमा काला जातिहरू भएको नगरपालिकामा भन्दा बढी सुविधा उपलब्ध हुन थालेपछि स्थानीय निकायहरूलाई पुनः संरचना गरी जातिवादको अन्त्य तथा स्थानीय विकासको मुख्य अभिभारा दिने उद्देश्यले सन् १९९६ देखि नगरपालिकाहरूलाई संवैधानिकरूपमै स्थानीय सरकारको भूमिका दिइयो । तत्पश्चात दक्षिण अफ्रिकी संविधानमा राष्ट्रिय, प्रान्तीय र स्थानीय गरी ३ तहका अन्तरनिर्भर र अन्तरसम्बन्धित सरकारहरू रहने व्यवस्था भयो ।

सन् १९९९ मा जारी भएको नाइजेरियाको संविधानलाई संघीयताको आवरणमा तयार गरिएको एकात्मक संविधान भनेर आलोचना गरिन्छ । उक्त संविधानले संघ, राज्य र स्थानीय सरकारहरूका बारेमा स्पष्ट पारे तापनि तिनीहरू बीचको अधिकारको बहस भने सधैं पेचिलो बनिरह्यो । त्यहाँ पनि नेपालमा जस्तै संघीय इकाइहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भन्ने व्यवस्था छ । तर ती प्रावधानहरू यथार्थमा द्वन्द्व र मुठभेढमा रूपान्तरित हुँदा प्रशासनिक निकायहरूबीच सन्तुलन र समन्वय चुनौतीपूर्ण बन्दै गएको छ ।

इटालीमा एकात्मक व्यवस्था छ । तर, त्यहाँको विकेन्द्रीकरणको अभ्यास एवं स्थानीय निकायको भूमिका सङ्घीय व्यवस्था भएका मुलुकहरूको भन्दा उत्कृष्ट छ । विकेन्द्रीकरणका सबालमा विश्वस्तरमा आएका लहरहरूलाई इटालीले राम्रैसँग अवलम्बन गरेको छ । सेवा प्रवाह र विकासका काममा नगरपालिकाहरूलाई विशिष्ट अधिकारहरू उपलब्ध गराइएको छ । नेपालमा पनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायलाई स्वायत्त बनाएकै थियो । तर स्थानीय निकायले कहिल्यै उक्त चरित्र देखाउन सकेनन् । जिविसले गाविस तथा नपालाई राजस्व बाँडफाँटलगायतका विषयमा अन्याय गरेकै हो । सरकारले बजेट वक्तव्यमार्फत गाविस सचिवहरूले सम्बन्धित गाविसबाटै तलब खाने व्यवस्था गर्दा गाविस अध्यक्षसमेतको भूमिकामा रहेका गाविस सचिवहरूले जिविसबाटै खाने व्यवस्था होस् भनी आन्दोलन गरेकै हुन् । काठमाडौं महानगरपालिकाका तत्कालीन उपमेयर विदुर मैनालीलाई मेयर केशव स्थापितसँग राजनीतिक विचार नमिलेपछि लेखनाथ नगरपालिका (कास्की) मा सरूवा गर्ने लाज लाग्दो निर्णय पनि भएकै हो । अहिले पनि स्थानीय तहका प्रमुख वा अध्यक्ष र उपप्रमुख वा उपाध्यक्षबीच द्वन्द्व भएका समाचारहरू आइरहेकै छन् । नयाँ संविधान जारी भएपछि पनि स्थानीय तहलाई धेरै अधिकार दिइएछ भनेर वरिष्ठ नेताहरूका अभिव्यक्ति आएकै हुन् । यी सबै घटनाबाट हामी अरूले अधिकारको अभ्यास गरेको देख्न सक्दैनौ वा अधिकार आफ्नो तहसम्म भए पुग्छ भन्ने गलत मान्यताबाट ग्रसित छौं भन्ने स्पष्ट हुन्छ।

उक्त उदाहरणहरूबाट के पुष्टि हुन्छ भने विकेन्द्रीकरण वा स्थानीय स्वायत्तता सङ्घीय व्यवस्था भएका मुलुकहरूमा मात्र नभई एकात्मक व्यवस्था भएका मुलुकमा पनि राम्रैसँग फस्टाउन सक्छ । संघात्मक व्यवस्था भएका तर संविधानमा स्थानीय तहका बारेमा केही उल्लेख नगर्ने अस्ट्रेलिया, क्यानडा, संयुक्त राज्य अमेरिका आदि देशमा स्थानीय स्वायत्तताका उदाहरणीय अभ्यासहरू छन् । तल्लो तहका सरकार मजबुत र स्वायत्त हुँदा राज्य कहिल्यै पनि कमजोर हुँदैन । यसले त झन् मुलुकको शासन प्रणालीप्रति नागरिकको अपनत्व बढाउनुका साथै जगबाटै राष्ट्रियता मजबुत बनाउन सघाउ पुऱ्याउँछ । बहुतहको शासन व्यवस्थाको सुन्दरता र संघीयताको उद्देश्य पनि यही हो ।

प्रदेश र स्थानीय तह सशक्त हुँदा आफ्नो शक्ति गुम्ला भन्ने संघीय सरकारको मनको

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- सजिलै अरूको मन जित्न सकिनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**वृष** :- आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ ।

**मिथुन**:- कार्य सिद्धिको योगछ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ ।

**कर्कट** :- निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला ।

**सिंह**:- रोकिएका कामहरु पुनः सुरू हुन सक्छन् । वैदेशिक कार्य अघी बढ्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । जोश,जाँगर र उमङ्ग बढ्नेछ ।

**कन्या** :- सामाजिक तथा धार्मिक कार्यमा रूचि बढ्नेछ । रातो रंगको पहिरनले चुनौतीबाट मुक्त हुन सहयोग पुऱ्याउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । धर्म,कर्ममा मन लाग्नेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्य र पढाइमा प्रगति हुनेछ ।

**वृश्चिक** :- आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला ।

**धनु** :-लाभ, हानी, आय, व्यय, सुख, दुख वरावरी खालको समय छ । नयाँ काममा हात हाल्ने समय छ । सद्विचारले अभिप्रेरित हुनेहरुलाई बिस्तारै लाभ मिल्नेछ ।

**मकर** :- आज प्रेम जीवन सुखद् रहनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मतपनि बढ्नेछ ।

**कुम्भ**:- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । श्रृंगार तथा सजावटको कार्यमा विशेष सफलता हात लाग्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ ।

**मिन** :- आज शुभकार्यको चर्चा चल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । रमाइलो यात्राको योग समेत रहेको छ ।

# ‘कार्यकर्ता रुवाउने गरी कचिङ्गल गर्नुभन्दा सल्लाहले नै अलग हुँदा हुन्छ’ :

## *ईश्वर पोखरेल, उपप्रधानमन्त्री तथा नेता, नेकपा*



*सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)भित्रको विवाद अब नयाँ कुरा भएन । एक महिनाअघि सकिएको स्थायी कमिटी बैठकले पार्टीभित्र तत्काल देखिएका समस्याको निकास खोजेको थियो । तर, स्थायी कमिटीको बैठकको निर्णय कार्यान्वयनकै सन्दर्भमा समस्या देखियो । स्थायी कमिटीका निर्णय कार्यान्वयन त भएनन् नै बुझाइ पनि अलगअलग देखियो । खासगरी मन्त्रिपरिषद् पुनर्गठन र राजदूत सिफारिस र केही नियुक्तिले नेकपाभित्रको विवाद सतहमा आएको हो ।*

*त्यस्तै कर्णाली प्रदेशको समस्याले पनि केन्द्रको विवादमा मलजल गरेको छ । नेकपाका नेता–कार्यकर्ताले कतै पार्टी फुटसम्म त पुग्दैन भनेर चिन्ता पनि व्यक्त गर्न थालेका छन् । सत्तारुढ दलभित्रको यो हदसम्मको विवादले देशको ध्यान खिचेको छ । यिनै विषयमा उपप्रधानमन्त्री तथा नेकपाका सचिवालय सदस्य ईश्वर पोखरेलसँग गरिएको कुराकानीको सम्पादित अंश :*

**भदौ २६ गते स्थायी कमिटी बैठकले विवाद समाधान गरेर पार्टीलाई सहमति र समझदारीका साथ अघि बढाउने निष्कर्ष निकालेको थियो । एक महिना नपुग्दै नेकपा पुरानै समस्यामा पुग्यो नि, किन ?**

पार्टी एकता गर्दा जुन आधारमा टेकिएको थियो, त्यस आधारमा महाधिवेशनसम्म पुग्नुपर्थ्यो । त्यसलाई ठीक ढङ्गले पालना नगर्दा सिर्जना भएको समस्या हो । हामीले दुईवटा पार्टी एक बनायौं । दुईवटा पार्टीलाई नेकपा बनाउनुको अर्थ, जनता र आम पार्टी कार्यकर्ताको भावनाको सम्बोधन पनि थियो । यो भन्दा पनि महत्त्वपूर्ण राष्ट्रिय आवश्यकता पनि थियो । यसकारण कि, राजनीतिक अस्थिरताले हामी हैरान थियौं । एउटा बलियो, जनताको र प्रगतिशील चेतसहितको पार्टीको अपरिहार्यता पनि थियो ।

एकता गरिरहँदा हामीले नयाँ अभ्यास पनि गर्‍यौं । दुईवटा पार्टीका दुवैजना अध्यक्षलाई पार्टी अध्यक्षको रूपमा ग्रहण गर्‍यो । एउटा पार्टी दुईजना अध्यक्ष हुँदा स्वाभाविकरूपले एकजना पहिलो अध्यक्ष, अर्को द्वितीय ।

पहिलो अध्यक्ष मूलतः सरकारको काममा केन्द्रित हुने, अर्को मूलतः पार्टी काममा केन्द्रित हुने ।

अघिल्लो वर्षको मङ्सिर ४ गते त्यो समझदारी भएको थियो । बीचमा अस्पष्ट भयो, परिभाषित भएन भन्ने कुरा आयो । स्थायी कमिटीको बैठकले थप व्याख्या, परिभाषित गर्‍यो । तर, हाम्रा दुवै अध्यक्ष एउटा सेरेमोनियल, अर्को कार्यकारी होइन, त्यसरी जिम्मेवारी बाँडफाँट गरिएको थिएन । दुवैजना कार्यकारी नै हो ।

स्थायी कमिटी बैठकको निर्णयमा यो व्यवस्था हुँदाहुँदै तदनुरूप चलिएन । दुईजना अध्यक्षको सहमतिमा कार्यसूची बन्ने, प्रस्ताव बन्ने, त्यसआधारमा छलफल हुने, कमिटीमा पनि उहाँहरूले सहमतिमै प्रस्ताव ल्याउने । त्यसमा कमिटीको सर्वोच्च त रहिहाल्छ त, तथापि, दुईजना अध्यक्षले नै छलफल गरेर निष्कर्षमा पुग्ने भन्ने हो ।

**तर, त्यो चिजचाहिँ बीचमा अत्यन्त कमजोर भयो । दुईजना अध्यक्षकोबीचका भेट हुने कुराकानी गर्ने तर हिजोका पूर्वसमूहका गुट, पक्षधरताका हिसाबले समीकरण गर्न खोज्ने प्रचलन बढ्यो । त्यसपछि दुईजना अध्यक्षको कुराकानीको के अर्थ भयो र ?**

पार्टीभित्र नयाँ ढङ्गले समीकरण बनाउने खेल सुरू भयो त्यसबाट समस्या झन्झन् सङ्लालियो । एकतापछि पनि यो वेलावेला प्रकट हुँदै आयो । अस्ति, स्थायी कमिटी बैठकताक यो जबरजस्तरूपमा आइसकेपछि समाधान गर्नका लागि पहल प्रयत्न भयो । कार्यदल बन्यो । प्रतिवेदन तयार भयो । स्थायी कमिटीले त्यसलाई पारित गरियो । अगाडिको मार्ग तय भयो । केही कुराहरु जस्तै, सरकार कसरी सञ्चालन गर्ने, प्रादेशिक सरकारलाई कसरी निर्देशित गर्ने, राजनीतिक नियुक्तिमा के गर्ने भनेर नीतिगत निर्धारण पनि भयो ।

त्यसलाई नै कार्यान्वयन गर्न सचिवालयको बैठक बसेर छलफल भयो । त्यसको निष्कर्ष पनि मन्त्रिपरिषद् पुनर्गठन गर्ने नै हो । पुनर्गठन गर्ने सन्दर्भमा छलफल भयो । मापदण्डबारे छलफल भयो । सचिवालय सदस्यले आ–आफ्नो राय दिनुभयो । सचिवालयका सदस्यहरूसँग सुझाव लिने, अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग परामर्श गर्ने र प्रधानमन्त्रीले पुनर्गठनको घोषणा गर्ने सचिवालयको निष्कर्ष यही हो । प्रधानमन्त्रीय प्रणालीमा सरकारको काम प्रधानमन्त्रीले नै गर्ने हो । आज केपी ओलीजी भएर मात्रै होइन । अरूको सन्दर्भमा पनि लागु हुन्छ । प्रधानमन्त्रीले जिम्मेवारीका साथ आफूलाई जसरी सहज हुन्छ, त्यसरी गर्ने हो ।

मन्त्रिपरिषद् पुनर्गठनमा प्रधानमन्त्रीले एउटा टाइमलाइन बनाउनुभएको थियो । यति अवधि पूरा भएकालाई बिदा दिने, अरु साथी आउनुहुन्छ । नपुगेकाहरूलाई कायम राख्ने ।

त्यसमा कुरा मिलेन । दुईवर्ष अवधि पूरा भएपछि पनि कुनै पात्र राख्नुपर्ने, दुईवर्ष अवधि नपुगेको भए पनि कोही पात्र हटाइनुपर्ने, प्रधानमन्त्रीले आफ्नो ढङ्गले पुनर्गठन गर्न नपाउने हो भने त्यो त गाह्रो हुने भयो । अहिले पार्टीभित्र यसरी समस्या प्रकट भएको हो ।

**पुनर्गठनमा सहमति जुटेकै रहेनछ, प्रधानमन्त्रीले हठात् तीनजना मन्त्री किन थपिहाल्नु भएको त ?**

मैले अघि नै भनैँ नि, प्रधानमन्त्रीले सुझाव लिने हो । परामर्श गर्ने हो । बैठक बसेर फलानाफलानालाई मन्त्री बनाउने भनेर माइन्युट त गरिँदैन नि । संवैधानिक निकायमा कसलाई ल्याउने र राजदूत कसलाई बनाउने भनेर पनि बैठकमा निर्णय हुँदैन । नीतिगत कुरा पो हुन्छ ।

व्यक्तिगतरूपमा प्रधानमन्त्रीले सुझाव लिन सक्नुहुन्छ । पार्टीकै सरकार भए पनि राज्य र दल अलग कुरा हो ।

**पार्टी चलाउने कम्युनिस्ट, सरकार चलाउने संसदीय मान्यतामा आधारित रहेर, कतै यो व्यवस्थाकै अन्तरविरोध देखिएको पनि हो कि ?**

अहिले धेरै यतातिर नअल्मलिऔं । यो विश्लेषणको छुट्टै पाटो हो । हिजो जे समझदारी भएको हो, त्यहीअनुसार चल्नुपर्‍यो नि । सहमतिबाट निर्देशित भएर नचलेपछि समस्या त खडा हुन्छ । यद्यपि यो समस्या सिर्जना हुनुका पछाडि हाम्रो अहिलेसम्मको नीतिगत अभ्यास र हाम्रो बुझाइमा पुनर्विचार गर्नुपर्ला, त्यो अलग कुरा हो ।

तर अहिले, महाधिवेशन सहमतिका साथ गर्नुपर्छ । महाधिवेशनसम्म यो कोर्सबाट अघि जानुपर्छ भनेर तय गरेपछि त्यही ट्र्याकमा हिँड्नुपर्‍यो नि । अर्को, अर्को समीकरण बनाएर त भएन ।

तपाईंले भन्नुभएकै प्रश्नमा आउँदा पनि, कम्युनिस्ट पार्टी हिजो जुन ढङ्गबाट बन्यो, बन्यो । शान्तिपूर्ण ढङ्गले जनताको मतबाट शासन सञ्चालनमा पुगेपछि, सरकार निमाण गर्ने ठाउँमा पुगेपछि कम्युनिस्ट पार्टी कसरी चल्नुपर्छ भन्ने अहम प्रश्नचाहिँ छ ।

शास्वत् कुरा प्रधानमन्त्री जोसुकै हुनुहोस्, पार्टीले नीतिगत निर्देशन गर्ने हो । पार्टीले गर्ने नीतिगत निर्देशनमा प्रधानमन्त्रीले पूर्ण जवाफदेहिताका साथ कार्यसम्पादन गर्ने हो । त्यसप्रतिको जवाफदेहिता त प्रधानमन्त्रीले लिनुपर्छ ।

**यति नै कुराले अहिलेको यो विग्रह र विभाजनसम्मको औचित्य पुष्टि हुन्छ ?**

यो औचित्यहीन कुरा हो । तर, यसको पछाडिको कारण मैले भनिसकेँ । पार्टी एकताका वेला प्रधानमन्त्री केपी ओलीलाई बहुमतको सरकार आरामले चलाउने रहर थियो । पहिलो कार्यकालमा बहुमत थिएन । त्यसको असहजता भोग्नुपर्‍यो । बहुमत भएपछि सरकार चलाउने कुरामा सहजता हुन्छ अरु कुरा त मिलाइहालूँला । देश र जनताका पक्षमा काम गरेपछि त्यसैले धेरै कुरा मिलाउँछन् भनेर लागेको हुनसक्छ ।

अरु नेतालाई अरूअरु थोक लागेको हुनसक्छ । आफ्नो राजनीति, सङ्गठन, शक्तिबाट शनैःशनैः अलग भइरहेको र गुमाउँदै गएको अवस्थामा यो एकताले प्राप्त हुन्छ भन्ने लागेको पनि हुनसक्छ । अर्को कतिपयलाई हिजो पार्टीसत्ता, राज्यसत्ताचाहिँ भोगचलन गरेको, आनन्द प्राप्त गरेको तर आज त्यसबाट विमुख हुन परेको छ । त्यो प्राप्त गर्न सकिन्छ भन्ने पनि लागेको हुनसक्छ । त्यो विभिन्न स्वार्थहरु त्यसबखत प्रभावी हुनसक्छन् ।

अहिले सरकार सञ्चालन गरिरहनुभएको प्रधानमन्त्रीले म यसरी जान्छु भन्नेबित्तिकै अरु स्वार्थसँग मेल खाएन । अन्तरविरोध पैदा गर्न सक्छ । अतः एकताका वेलामा रहेका समस्याहरु अहिले प्रकट हुनसक्छन् ।

**भनेपछि ‘लाभांश’ वितरणमा समस्या देखियो ?**

लाभांश तपाईंको शब्द भयो । यसलाई यसरी व्याख्या नगरौँ । आफ्नो–आफ्नो सोच र विश्लेषण थियो । ती कुराहरु त अन्तरविरोधका रूपमा प्रकट भइहाल्छ नि । हिस्सेदारीको कुरा हुन थाल्यो भने त न पार्टी चल्छ, न सरकार नै चल्छ ।

**त्यही भएर हुनुपर्छ प्रधानमन्त्रीले पार्टी अलगअलग जाऔं भन्नुभएको ?**

भेटघाटमा प्रकट भएका कुरा हुन् ती । पार्टी अध्यक्ष पुष्पकमल दाहालसँग कुनै नेताले कुरा गर्दा, यस्तो कचिङ्गल गरिरहँदा जनतालाई पनि असह्य भयो । मुलुकका लागि पनि असह्य भयो । कसैका निम्ति पनि राम्रो भएन । यस्तो हुनुभन्दा त बरू सल्लाहले नै आफ्नो–आफ्नो बाटो हिँडौं भनेको विषय हो । पछि प्रधानमन्त्री ओली र प्रचण्डजी भेट्दा पनि अमुक नेताले यस्तो भन्नुभएको थियो भनेर प्रसङ्ग आउँदा हो त साँच्ची यो पनि विकल्प हो भन्नुभयो होला ।

यही विषयलाई उहाँ (प्रचण्ड)को गुटको बैठक गरिरहँदा त्यहाँ चर्चा चल्यो । बाहिर आयो । मलाई भन्नुहुन्छ भने पनि यो कचिङ्गल गरे बस्ने, जनता–कार्यकर्ताको मन रूवाउने भन्दा सल्लाहले नै अलग हुँदा हुन्छ । व्यवहार नचल्ने भयो भनेर छुट्टिँदैनन् ?

**सल्लाहमा पनि पार्टी फुट्छ ?**

पार्टी फुट्छको कुरा होइन । व्यवहार नचल्ने भएपछि एउटा विकल्पको चर्चा न हो । विभाजनको वेला मारामार नै गर्नुपर्छ भन्ने पनि छैन । सल्लाहले हिजो यहाँसम्म आइयो अब व्यवहार नचल्ने भयो भन्छन् नि !

**फेरि दोहोर्‍याए, यति नै कारण पार्टी फुट्न पर्याप्त हुन्छ त ?**

यति नै कारण कसले भनेको छ र ? यसभित्र सैद्धान्तिक, केही दार्शनिक, केही अहिलेसम्मका हाम्रा अभ्यास, सङ्गठनात्मक र केही कार्यशैलीगत कुराहरु पनि होलान् । यो त वृहत छलफल गरेर केलाउनुपर्ने हुन्छ ।

**स्थायी कमिटी बैठकले गरेका निर्णय नयाँ ढङ्गले परिभाषित गर्दा समस्या समाधान हुन्छ कि ?**

स्थायी कमिटी बैठकले गरेका निर्णय कार्यान्वयनमा त

*बाँकी ४ पेजमा*


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# कोरोनाबाट थप एकको मृत्यु, प्रदेश २ मा ६५ संक्रमित थपिए

**लहान** । सिरहामा कोरोना लागेका एक जना पुरूषको बुधबार उपचारको क्रममा मृत्यु भएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले पुष्टि गरेको छ ।

सिरहाको सुखीपुर नगरपालिका-८ घर भएका ७४ वर्षीय पुरूषको विराटनगरस्थित विराट अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । पछिल्लो २४ घण्टामा प्रदेशका विभिन्न जिल्लामा ६५ जनामा कोरोना संक्रमण भएको निर्देशनालयले विज्ञप्तीमार्फत जनाएको छ । धनुषामा १६ जना, महोत्तरीमा छ जना, सिरहामा चार जना, सर्लाहीमा एक जना, रौतहटमा पाँच जना, बारामा नौ जना, पर्सामा दुई जना, सप्तरीमा १९ जना र अन्य जिल्लामा तीन जनामा कोरोना संक्रमण भएको हो ।

बुधबार यस प्रदेशका विभिन्न जिल्लास्थित अस्पतालमा भर्ना रहेका एक सय पाँच जना कोरोनामुक्त भएका छन् । निर्देशनालयको तथ्यांक अनुसार बुधबार यस प्रदेशमा एक हजार एक सय ७० जना सक्रिय संक्रमित रहेका छन् ।

## विष्णुपुर.

आफन्त र आसेपासेलाई कम मूल्यमा ठेक्का दिइएको उनको आरोप थियो ।

'हटियावाल पोखरी विष्णुपुर १ का भोगेन्द्रप्रसाद यादवले यसअघि तीन वर्षका लागि आठ लाख ८५ हजार रूपैयाँमा ठेक्का लिएको तर ७ कात्तिकमा यादवलाई नै पाँच वर्षका लागि पाँच लाख ८५ हजार पाँच सय पाँच रूपैयाँमा ठेक्का दिइयो' उनको आरोप छ 'गौरीपुरको पुलकित घर नजिकको पोखरी, अमानत पोखरी, हरिनगराको पोखरी समेत पहिले भन्दा कम मूल्य कायम गरी ठेक्कामा दिइएको छ ।'

पोखरी ठेक्का, शिक्षक, कर्मचारी भर्ना सम्बन्धी सूचना र कागजात माग गर्दा दुई हप्तादेखि आलटाल गरिरहेको वडाध्यक्ष यादवको गुनासो छ । जिल्ला प्रशासन कार्यालयले माग गरे अनुसारको सूचना उपलब्ध गराइदिन ४ कात्तिकमै गाउँपालिका कार्यालयलाई पत्राचार गरेको भएपनि शुक्रबारसम्म कुनै सूचना नदिइएको उनले बताए ।

## जडिबुटि ...

माटो बोझोको खेतीका लागि उपयुक्त हुन्छ । धानवाली लगाउन उपयुक्त हुने ठाउमा पनि बोझोको खेती गर्न सकिन्छ ।

बोझोको खेती राइजोमबाट गर्न सकिन्छ । बाली संकलन गरिसकेपछि ठूला राइजोम छुटयाएर टुसा भएको सानो राइजोमलाई रोप्न सकिन्छ । जग्गाको खनजोत पछि गोबरमल हालेर पानी जमाई वा सिंचाइ गरी हिलो बनाएर बोझोको खेती गर्ने जमीनको तयारी गर्नुपर्दछ । रोपनका लागि टुसा निस्किएको राइजोमको भागलाई टुसा रहने गरी टुक्रा पार्नुपर्दछ । यसरी टुक्राइएको राइजोमको टुसा माटो बाहिर देखिने गरी बिरूवालाई ३०-४० सेन्टिमिटर फरक हुनेगरी र ४०-५० सेन्टिमिटर फरकका लाइनमा ५ सेन्टिमिटर जति गाडिदिनुपर्दछ । यसको बाली लगाएपछि नियमीत रूपमा गोडमेल गर्नुपर्दछ । राइजोमलाई चैत-बैशाख महिनामा रोप्नु उपयुक्त हुन्छ । बोझोको खेतीका लागि प्रतिहेक्टर १०-१२ टन मल हाल्नु पर्दछ भने सुख्खा ठाउमा नियमित सिंचाई गर्नुपर्दछ । यसको बालीमा पानी जमेमा पनि हानि नपुग्ने हुदा विरूवा लगाउदा ५ सेन्टिमिटर जति पानीको सतह कायम गर्नुराम्रो हुन्छ भने बिरूवा बढ्दै गएपछि पानीको सतह झन् बढाउनुपर्ने हुन्छ ।

**संकलन तथा भण्डार**

बोझोको बिरूवा रोपेको एक वर्षपछि नै बाली संकलन गर्न सकिन्छ । यसका पातको रंग पहेलो भई सुक्न थालेपछि बाली संकलन गर्न उपयुक्त समय हुन्छ । बाली संकलन गर्दा जमीनलाई केही सुख्खा हुन दिनुपर्दछ । बोझोको राइजोमको संकलन गर्ने उपयुक्त समय पुस माघ महिना हुन्छ । बोझो संकलन गर्दा जमिनमुनिको राइजोमलाई खनेर निकाल्नु पर्दछ । प्राकृतिक अवस्थाको उत्पादनबाट संकलन गर्दा राइजोम केही अंश छोडिदिएमा नया वरूवा पलाएर आउछ र मासिने डर हुदैन । यसरी संकलन गरिएको काण्डलाई पानीमा पखालेर स साना टुक्रा पारी घाममा सुकाउनु पर्दछ । राम्ररी सुकिसके पछि सुख्खा हावा लाग्ने ठाउमा बोझोको भण्डारण गर्नुपर्दछ । बोझोको बाली एक एक वर्षको फरकमा लिन सकिन्छ । राम्रोसंग सप्रिएको खेतीबाट प्रतिहेक्टर ४ देखि १० टनसम्म उत्पादन हुनसक्छ ।

**बजार सूचना र नीतिगत व्यवस्था**

रूस, रूमानिया, भारत र जापान लगायतका मुलुक बोझोका प्रमुख उत्पादक मानिन्छन् । यसको बजार मूल्य प्रति किलोग्राम ५०-७० रूपैयासम्म पर्दछ । वन नियमावली तेस्रो संशोधन ( २०६२) अनुसार प्राकृतिक अवस्थाबाट संकलन गरिएको राइजोमको रू. ३ प्रति किलोग्राम राजश्व बुझाउनुपर्दछ ।

## प्रदेश ...

डर स्वायत्तताको बाधक हो । अतः तल्लो तहका बारेमा संवैधानिक व्यवस्था छ वा छैन भन्दा पनि उनीहरूका आफ्नै व्यवहार र कार्यशैली के कस्ता छन् ? र उनीहरूप्रति माथिल्ला सरकार तथा निकायहरूको सोच एवं नियत के छ ? भन्ने विषयहरू महत्वपूर्ण हुन्छन् । प्रदेश तथा स्थानीय सरकारहरू स्वयंले पनि आत्मनिर्भरतातर्फ अग्रसर भई निक्षेपित अधिकारको अभ्यास गर्नेभन्दा पनि प्रत्यायोजित काममा रमाई केन्द्रलाई रिझाउने कार्यशैली भने परिवर्तन गर्नु आवश्यक छ ।

नेपाल नयाँ शासन पद्धतिसहित नयाँ सँविधान कार्यान्वयनको प्रारम्भिक चरणमा भएकाले सार्वजनिक जिम्मेवारीमा भएका व्यक्तिहरू संविधानको व्याख्या र प्रयोगमा होसियार हुन जरूरी हुन्छ । गलत नजिर स्थापित हुनपुग्यो भने पनि इतिहासले माफ गर्नेछैन । भारतीय संविधानको मुख्य लेखक बीआर अम्बेडकरले आफैंले निर्माण गरेको संविधान जारी हुँदाका बखत यो संविधान धेरै राम्रो पनि छैन र नराम्रो पनि नभई मझौला खालको छ । राम्रो नराम्रो यसको कार्यान्वयनमा निर्भर रहन्छ भनेका थिए । कार्यान्वयन गर्ने व्यक्ति वा निकायले संविधानको भावना र मर्मलाई राम्रोसँग बुझेर व्याख्या र निर्णय गरे भने यो संविधान राम्रो मानिनेछ अन्यथा यो संविधान नराम्रोमा पनि दर्ज हुनसक्छ भन्ने उनको भनाइ थियो ।

नयाँ शासकीय संरचनाअनुसार निर्वाचन सम्पन्न भएको तीन वर्ष भइसक्दा पनि संवैधानिक व्यवस्था अनुकूलको स्वायत्तता र सोअनुरूपका क्षमताको अभावले तल्लो तहबाट प्रवाह गरिने सेवाहरू प्रभावकारी हुनसकेका छैनन् । कमजोर सार्वजनिक संरचनाका कारण राष्ट्रिय गौरवका आयोजनाहरू थला परेका छन । भ्रष्टाचारको ग्राफ घट्ला भन्दा बढ्दो छ । नैतिक मूल्यमान्यता राजनीतिक, प्रशासनिक र नागरिकतहबाट हराउँदै गएको छ । राजनीतिक नेतृत्वले लोकतन्त्रको भाषण गरे पनि व्यवहार त्यो अनुकूलको देखाउन सकेका छैनन् । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले सन् १९४८ मा एउटा सार्वजनिक कार्यक्रममा भनेका थिए स्वायत्त शासन लोकतान्त्रिक पद्धतिको आधार वा जग हो । हामीलाई लोकतन्त्रको माथिल्लो स्तरको विषयमा मात्र बोल्ने र तल्लो तहलाई उपेक्षा गर्ने बानी लागेको छ । लोकतन्त्र माथिल्लो स्तरमा त्यतिबेलासम्म सफल हुँदैन जबसम्म यसलाई जगैबाट बनाइँदैनू । अतः हामीले पनि लोकतन्त्रको धुरीलाई नभई पहिला जगलाई मजबुत बनाउने हो कि ? *बाह्रखरीबाट*

## कार्यकर्ता..

जानुपर्‍यो । त्यो भनेको, सरकार पुनर्गठन गर्ने मामिलामा परामर्श गर्ने । परामर्श गरिसकेपछि प्रधानमन्त्रीले पुनर्गठन गर्न बाधा हुनुभएन । प्रदेश सरकारको हकमा पनि आवश्यकता अनुसार हेरफेर हुनसक्छ भनेकै छ । त्यसमा सल्लाह गरे भइहाल्यो ।

**कर्णाली प्रदेशको विवादचाहिँ कसरी सल्टिन्छ त ?**

उहाँहरूले संसदीय दलको नीति-नियमअनुसार गरेको भए पनि सल्लाह परामर्श अनुसार पर्थ्यो । दुवै अध्यक्षले बसेर छलफलका लागि बोलाउने भन्नुभयो । पत्राचार पनि भयो । तर, दुवैजना अध्यक्ष एकै ठाउँमा आएर भन्ने स्थिति बनेन ।

पछि दुई अध्यक्षबीच कुरा हुँदा प्रमुख सचेतकलाई हटाएको कुरा सुधार गर्ने, अविश्वासको प्रस्ताव फिर्ता लिने र बाँकी कुरा जे छन्, त्यो त्यहीँ सल्लाह गर्ने भनेर समझदारी भएकै हो । त्यो समझदारी पालना भएको भए विषय टुङ्गिन्थ्यो ।

कर्णाली प्रदेश विवादको सन्दर्भमा पार्टीको संसदीय दलको नेता, पार्टीको पहिलो अध्यक्षले भनेको कुरा नमान्ने भनेको त निकै सिरिसस (गम्भीर) हो ।

**अब विवाद समाधानको उपाय के हुनसक्छ ?**

समस्यालाई राजनीतिक ढङ्गले विश्लेषण गर्नुपर्‍यो अनि पो समाधान निस्कन्छ । अब दुवै अध्यक्षहरू बस्ने । हिजो स्थायी कमिटी बैठकले गरेका निर्णय कसरी कार्यान्वयन गर्न सकिन्छ भनेर छलफल गर्ने । उहाँहरूमात्रैले पुग्दैन भन्ने लाग्छ भने आफ्ना विश्वासिला मानिसहरू राखे पनि भयो । एउटा समझदारी बनाएर अघि बढ्नुपर्छ ।

त्यो नगरेर अन्तअन्त समीकरण बनाउँदै हिँडेपछि कहाँ कुरा मिल्छ ? त्यो त पार्टी एकताको खिलाफमा भयो ।

**सचिवालय बैठक बोलाएर छलफल गर्नचाहिँ के समस्या छ त ?**

कम्युनिस्ट पार्टीका सदस्यहरू सबैलाई थाहा भएकै कुरा हो- समस्या सिर्जना भयो भनेर बैठक बोलाएर छलफल गर्नुपर्छ । समाधान निकाल्नुपर्छ । तर, तपाई यो ढङ्गको स्थिति सिर्जना गर्ने, अनि बैठकमा गएर के समाधान निस्कन्छ ?

पहिले अनौपचारिक ढङ्गले विषय त एउटा आकारमा आउनुपर्‍यो । के छलफल गर्ने भन्ने तय हुनुपर्‍यो । बैठकमा फागु खेल्न त जाने होइन होला ? बैठक भनेको फागु खेल्ने ठाउँ होइन नि । मुद्दाहरूलाई प्रणालीमार्फत् टुङ्ग्याउनुपर्‍यो नि । अतः सचिवालय बैठकभन्दा अघि दुईजना अध्यक्ष बसेर छलफल गर्नुपर्‍यो ।

**सहमतिबाट विषय टुङ्गिएन भने विधानअनुसार बहुमतीय विधिबाट निष्कर्षमा पुगे भयो नि ?**

हिजो महाधिवेशनसम्म सहमति-समझदारीबाटै जाने कुरा तय भइसकेको छ । राजनीतिक कुराहरू अल्पमत, बहुमतबाट टुङ्ग्याउनु हुँदैन भनेर पनि सहमति भएको छ । आज अल्पमत, बहुमतबाट टुङ्ग्याउने दिशाबाट जाने, कसैलाई हटाउने भन्ने कुरा भयो भने एकता भन्ने कुरा कहाँ रह्यो ? टुट्यो । एकताको जे आधार थियो, त्यो अस्वीकार गरेपछि एकता कसरी रहन्छ ?*बाह्रखरीबाट*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY



# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)